नेपाल सरकार

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

पुल्चोक, ललितपुर

## निर्माण र मर्मत सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(सूचना प्रकाशित मितिः २०७५।२।९)**

यस केन्द्रमा तपसिल बमोजिमको निर्माण र मर्मत सम्बन्धी कार्य गर्नुपर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त ईच्छुक फर्म/कम्पनी/निर्माण व्यवसायीहरुबाट रित पूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ। दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनको १२ बजे भित्र दर्ता गर्नुपर्नेछ। यस सम्बन्धी विस्तृत जानकारी केन्द्रको वेभसाइट www.tepc.gov.np र सूचना पाटीमा उल्लेख भए बमोजिमको हुनेछ।

**तपसिल**

| सि.नं. | दरभाउ पत्र नम्बर | कामको विवरण | निर्माण तथा मर्मत कार्यको लागि स्वीकृत लागत अनुमान (भ्याट र कन्टेन्जेन्सी सहित) रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | TEPC/CM/2074/75 | **Construction of Parking shed & Maintanance work of Compound wall** | १९,९९,८५५।५१ (अक्षरुपी उन्नाइस लाख उन्नानसय हजार आठ सय पचपन्न रुपैया एकाउन्न पैसा मात्र) | ५६,०००।-(अक्षरुपी छपन्न हजार मात्र) |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**
पुल्चोक, ललितपुर

# निर्माण र मर्मत सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
## (सूचना प्रकाशित मितिः २०७५।२।९)

यस केन्द्रको लागि स्वीकृत BOQ बमोजिमको तपसिलमा उल्लेखित निर्माण र मर्मत सम्बन्धी कार्य गनुपर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त ईच्छुक फर्म/कम्पनी/निर्माण व्यवसायीहरुबाट देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको छ ।

१. योग्य शिलवन्दी दरभाउ-पत्रदाताले शिलवन्दी दरभाउ-पत्र सम्बन्धी फाराम केन्द्रको कार्यालय पुल्चोक, ललितपुरबाट लिखित निवेदनका साथ कम्पनी/फर्म/निर्माण व्यवसायी दर्ता प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७३।७४ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी सुचना प्रकाशित भएको मितिले १५ दिन(मिति २०७५।२।२३) भित्र नेपाल बैक लि. गावहाल, ललितपुरमा राजश्व खाता नं. ०१८०२००००००००३०००५१, अफिस कोड नं. २८-३३०-०१, राजश्व शिर्षक नम्बर १४२२७ रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नाममा रु.१,०००।०० अक्षरमा रु. एक हजार मात्र (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै भौचर पेश गरी प्राप्त गर्न सक्नेछन् ।
२. शिलबन्दी गरिएको दरभाउ-पत्र केन्द्रको कार्यालयमा मिति २०७५।०२।२४ गते दिनको १२:०० बजे भित्र दर्ता गर्नुपर्नेछ । शिलबन्दी गरिएको दरभाउ-पत्रको खाममा स्पष्टसँग दरभाउ-पत्र नम्बर उल्लेख गर्नुपर्ने छ ।
३. शिलबन्दी गरी तोकिएको समयभित्र पेश भई प्राप्त भएका दरभाउ-पत्रहरु, उपस्थित हुन चाहेका शिलवन्दी दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा, केन्द्रको कार्यालय, पुल्चोक, ललितपुरमा मिति २०७५।०२।२४ गते दिनको १:०० बजे खोलिनेछ । दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउ-पत्रको साथ जमानत रकम ५६,०००।-(अक्षरुपी छपन्न हजार मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नाममा रहेको राजश्व खाता नं. ०१८०२००००००००३०००५१, अफिस कोड नं. २८-३३०-०१, राजश्व शिर्षक नम्बर १४२२७ मा जम्मा गरेको रकमको सक्कल बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको दरभाउ-पत्र पेस गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वाणिज्य बैंकबाट जारि भएको बैंक ग्यारेन्टि(विड वण्ड)को सक्कलै प्रति पेस गर्नु पर्नेछ ।
५. दरभाउ-पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन र समयमा दरभाउ-पत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउ-पत्र र दरभाउ-पत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।
६. म्याद नाघि र रित नपुगि प्राप्त भएको दरभाउ-पत्र उपर कुनै कारवाही हुने छैन ।
७. कुनै वा सबै दरभाउ-पत्र कारण जनाई वा नजनाई पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार केन्द्रमा निहित रहने छ ।
८. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुने छ ।
९. योग्य शिलवन्दी दरभाउ-पत्रदाताहरूले थप जानकारीको लागि वा शिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु र BOQ हेर्न (अध्ययन गर्न) चाहेमा कार्यालय समयभित्र यस केन्द्रमा सम्पर्क राख्न सक्नेछन् ।
१०. यो सूचना केन्द्रको वेभसाइट www.tepc.gov.np मा समेत हेर्न सकिनेछ । साथै यस सम्वन्धी थप वुझ्नु परेमा यस केन्द्रको फोन नं.**०१५५५११५७, ०१५५२५८९८, ०१५५३२६४३** मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | दरभाउ पत्र नम्बर | कामको विवरण | निर्माण तथा मर्मत कार्यको लागि स्वीकृत लागत अनुमान (भ्याट र कन्टेन्जेन्सी सहित) रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | TEPC/CM/2074/75 | **Construction of Parking shed & Maintanance work of Compound wall.** | १९,९९,८५५।५१ (अक्षरुपी उन्नाइस लाख उन्नानसय हजार आठ सय पचपन्न रुपैया एकाउन्न पैसा मात्र) | ५६,०००।-(अक्षरुपी छपन्न हजार मात्र) |